# मेयरकप संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।०२।०२

प्रस्तावनाः

विकास ,अनुशास र गतीशिल भन्ने मुल ध्यलाई सर्वपरि गदै खेतकुदको माध्यम वाट नैतिकमान र जिम्वेवार स्वावलम्वी समाजको  पाठशिकाउन शारिरिक क्षमताको प्रर्दशन वाट मानशिक स्वास्थ्यमा सकारात्मक संदेश फैलाउन एवं सर्वसाधारण जनताको खेल प्रतीको सदाचार मनोरन्जको नैतीक भावना लाई उच्च कदर गदै समुदायलाई सभ्य, सुसज्जीत, शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन मेयरकप संचालन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान २०७२ को धारा २२६ बमोजिमको अधिकार प्रयोग गरी छाँयानाथ रारा नगरपालिकाको नगरकार्यपालिकाले यो मेयरकप संचालन तथा व्यवस्थापन कार्यविधी २०७६ बनाई लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधीको नाम मेयरकप संचालन तथा व्यवस्थापन कार्यविधि २०७६” रहेकोछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

(३) यो कार्यविधि छाँयानाथ रारा नगरपालिकाको क्षेत्र भित्र मात्र लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) “मेयर” भन्नाले छायाँनाथ रारा नगरपालीका मुगुका (निर्वाचित जन प्रतीनिधि)नगर प्रमुख लाई जनाउँछ ।

(ख) “कप”  मेयरकपमा नगरपालीका वाट कुनै पनि व्यत्ति ,संस्था, प्रतिष्ठान विद्यालय, कार्यालय समुह लाई प्रदान गरिने पुरस्कार तथा

सम्मान स्वरुप दिईने धातुको निर्मित कप तथा वस्तु लाई जनाउदछ ।

(ग) "खुल्ला" भन्नाले सवैको लागी सवैले सहभागी जनाउन सक्ने जुन सुकै उमेर,व्यक्ति संघ संस्था, प्रतिष्ठान वाट सहभागी जनाउने सहभागी द्धारा भाग लिईने तोकिएको खेल वुझिन्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत गरिएका निर्णयहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "नगरपालीकाे" भन्नाले छायाानाथ रारा नगरपालीका लाई सम्झनु पर्छ

च) "प्रमुख" भन्नाले छाँयानाथ रारा नगरपालिको नगर प्रमुखलाई सम्झनु पर्छ ।

छ) "संयोजक" मेयरकप संचालक समितिको संयोजकलाई सम्झनु पर्छ ।

३. मेयरकप प्रत्यक वर्ष नगरपालीकाले नगर प्रमुखको नाममा संचालन गरिने मेयरकप लाई नगरको प्रतिष्ठाको रुपमा लगिने छ । जुन प्रत्यक वर्ष निर्धारित तोकीएको मितिमा संचालन गरिने छ ।

४. मेयरकप संचाल गरिने स्थान र सहभागी : मेयर कप संचालन गर्दा यस नगर अन्तरत रहेका सार्वजसनक खुला मंन्च, कार्यालय वा संग संस्थाको खेल मैदान ,विद्यालयका खेल मैदान आदीमा मेयरकप संचालन गरिने छ । मेयर कपमा २ प्रकारका खेल कर्मिहरु लाई समावेश गर्न सकिने छ ।

क, मा.वि. स्तरका विद्यालयहरु वाट सहभागी विद्यार्थि ।

ख, खुल्ला सहभागी : जसमा विद्यालय भन्दा वाहिरका राष्ट्रिय तथा अन्तराष्टिय समुदायका व्यत्ति तथा समुह ले सहभागी जनाउने छन ।

५. मेयर कपमा संचालन गरिने खेलहरु :

(१)विदालय स्तिरीय एथेलेटिक्स :

हाईजम्प,लमजंग,त्रिपलजंग,दौड,ज्यावलीड.थ्रो सटफुट लगाएत मा.वि. स्तरका विद्यार्थिहरु सहभागीहुने छन ।

(२ )विद्यालय स्तरिय फुटवलर भलिवल मा.वि. स्तरका विद्यार्थि हरु सहभागील हुनेछन ।

(३) खुल्ला म्यराथुन, भलिवल र फुटवल : खुल्ला जुन सुकै प्रतीठान कल्व, समुह राष्टिय ,अन्राष्टिय खेलाडी समेत सहभागी हुन सक्नेछन ।

उपदपा १,२,३, मा संचालन गरिने खेलकुदको लागी जिल्ला खेलकुद विकास समिति, विद्यालय तथा कुनै पनि संग संस्था वाट खेल सम्वन्धि विज्ञ तथा अनुभवीलाई प्रशिक्षक वनाउन सकिनेछ ।

६, मेयरकप को लागी प्रत्यक आर्थिक वर्षमा नगरसभा रकम विनियोजित गरिनेछ । जसको आधारमा संचालक एवं संरक्षण समितिको निर्णय निदेशन वमोजिम कार्यतालीका र वजेट वांडफांट गरिने छ

७, कप,मेटल प्रमाण पत्र : मेयरकपमा भागलिए वाफत संचालन गरिएका प्रतिसप्रदात्मक खेलकुदमा विजयी तथा सहभागीहरु लाई सम्मान स्वरुप दिईने छ ।

८, मेयर कपमा सहभागी हने टिम समुह व्यक्ति लागएत संग संस्था विद्यालय लाई सहभागी,पुरस्कार, व्यवस्था खर्च तथा अन्य विविध खर्च वजेट व्यवस्थापन मेयरकप संचालन समितिका संयोजको प्रस्तावमा संचालन समितिको निर्णय वमोजिम हुनेछ ।

९,मेयरकपमा सहभागी व्यत्ति पदाधिकारी,समुह संग संस्थाहरु सहभागी गराउने वा नगराउने सोको अधिकार संचालक समितीका संयोजकलाई हुनेछ ।

१०,समिति गठन : (१) मेयरकप संचालन तथा व्यवस्थापन समिति ्नगर स्तरमा निम्न बमोजिमको ५ सदस्य रहेको मेयरकप संचालन तथा व्यवस्थापन समिति गठन गरिने छ ।

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर प्रमुखले तोकेको कार्य पालीका सदस्य मध्य १ जना | सदस्य |
| कार्यपालिका सदस्यहरु मध्ये १ महिला सदस्य वाट नगर प्रमुखले तोकेको | सदस्य |
| न.पा.माकार्यरत स्थायी कर्मचारी मध्य खेलकुद सम्वन्धि ज्ञान भएको १ जना नगर प्रमुखले तोकेवमोजिम | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला निकाय/ समुहका प्रतिनिधिहरुलाइ आमन्त्रीत गर्न सकिने ।

११, कार्यकम लाई प्रभावकारी वनाउन प्रसार प्रचार कार्य संचार माध्यामवाट गर्न सकिने छ ।

१२, मेयरकप संचालनको लागी जिल्ला प्रशासन कार्यालय सुरक्षा निकाय ( नेपाल प्रहरी, सर्शत प्रहरी ) लगायत सरोकार वाला निकायको सहयोग लिन सकिने छ ।

१३,मेयर कपमा संचालीत कार्यक्रम तथा खेलकुद लाई अमर्यादित विथोल्ने प्रयासले हो हल्ला गरेमा त्यस्तो व्यत्ति, निकाय,समुह लाई तत्काल कव्जा गर्ने र गिरप्तारी समेत गर्न सकिने छ-। त्यसरी कव्जा वा गिरप्तार गर्दा प्रहरीको सहयोग लिई कार्वाही अगाडी वढाउन सकिने छ । र सो कुराको तत्काल जानकारी नगरपालिका लाई दिनु पर्ने छ ।

१४, कारवाहीका लागि सिफारिस गरि पठाउने :

(१)मेयरकप संचालनका क्रममा सहभागी टिम,समुह,व्यत्ति,संग,संस्था प्रतिष्ठान,विद्यालय लगायत ले खेल संचालको अवधिमा प्रशिक्षकको निर्णय नमान्ने नियम विपरित झुटा विवरण पेश गरेमा वा कार्यक्रम विथोल्न खोजेमा संचालक समितिले आवश्यक कावार्ही तथा निश्चित समयको लागी प्रतीवन्द लगाउन सक्ने छ ।

१५,बाधा अड्काउ फुकाउ : यस कार्यविधीमा कुनै बाधा देखिएमा वा संघीय कानुनसंग बाझीन गएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन वा संसोधन गर्न सकिनेछ ।